# IMPORTANT NEWS

Noticias importantes • Xov Xwm Tseem Ceeb • གལ་ཆེའི་གསར་འགྱུར། • 重要新闻 • महत्त्वपूर्ण समाचार

नेपाली / *NEPALI*

अप्रिल ९, २०२४

**नयाँ तलब पाइने अभिभावकीय बिदा नीति जुलाई १, २०२४ देखि लागू हुने**

*UW–Madison* ले जुलाई १, २०२४ देखि लागू हुने नयाँ तलब पाइने अभिभावकीय बिदा नीति लागू गर्दैछ। नयाँ नीति अन्तर्गत, योग्य कर्मचारीहरूले प्रत्येक १२ (बाह्र) महिना भित्र अधिकतम ६ (छ) हप्तासम्मको तलब पाउने बिदाको अनुरोध गर्न सक्दछन् जब कर्मचारीहरूले योग्य नयाँ जन्म वा *adoption* अनुभव गर्दछन्। (पूरा समय काम नगर्ने कर्मचारीहरूको लागि तलब बिदाको समय त्यसै अनुसार मिलाइनेछ।) जब कुनै कर्मचारीले एउटै १२ महिनाको अवधिमा जीवनका धेरै योग्य घटनाहरू अनुभव गर्दछन्, सो कर्मचारी अधिकतम छ हप्ताको तलब पाउने अभिभावकीय बिदाको मात्र हकदार हुनेछन्। योग्य जीवनका घटनाहरूमा जन्म वा *adoption* समावेश छन्।

योग्य कर्मचारी वर्गहरूमा युनिभर्सिटी कर्मचारी, शैक्षिक कर्मचारी, संकाय, सीमित कर्मचारी र केही स्नातक र डिग्री पछाडिका तालिम कार्य शीर्षकहरू समावेश हुनेछन्। थप योग्यता आवश्यकताहरू लागू हुनेछन्। लिङ्ग वा पारिवारिक सम्बन्धको आधारमा कर्मचारीको योग्यता बदलिँदैन।

विस्तृत कर्मचारी योग्यता आवश्यकताहरू, जीवनका योग्य घटनाहरू, बहिष्करणहरू र अन्य महत्त्वपूर्ण विवरणहरू नीति *UW*-5045 मा प्रदान गरिएको छ। तलब पाइने अभिभावकीय बिदाको वेबसाईटमा पनि जानकारी उपलब्ध छ। यो नीति जुलाई १, २०२४ मा प्रभावकारी हुनु अघि कर्मचारीहरूलाई थप विवरणहरू प्रदान गरिनेछ।